आज मिति २०८२ साल श्रावण महिनाको १४ गते चामे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक यस गाउँपालिकाको अध्यक्ष श्री लोकेन्द्र बहादुर घलेज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

१. अध्यक्ष - श्री लोकेन्द्र बहादुर घले
२. उपाध्यक्ष - श्री मिङमार ढोमा लामा
३. सदस्य - श्री खडग जंग गुरुङ
४. सदस्य - श्री मंगल देव गुरुङ
५. सदस्य - श्री विनोद लामा
६. सदस्य - श्री लोप्साङ लामा
७. सदस्य - श्री फुलमाया लामा (का.वा. वडा अध्यक्ष)
८. सदस्य - श्री दो पाल्मा लामा
९. सदस्य - श्री कान्छी गुरुङ
१०. सदस्य - श्री नविना परियार
११. सदस्य - श्री गम माया गुरुङ
१२. सदस्य - श्री गणेश घले
१३. सदस्य - श्री फूर्पा फिन्जो घले
१४. सदस्य सचिव- श्री विना देवी शर्मा

आमन्त्रीत :

१. लेखा समिती संयोजक - श्री धावा छिरिङ लामा

अन्य उपस्थितिहरु :

१. नम नारायण मल्ल, लेखा अधिकृत, चामे गाउँपालिका
२. राम कुमार श्रेष्ठ प्रशासकीय अधिकृत, चामे गाउँपालिकाको कार्यालय
३. सुरेश कुमार शर्मा प्रशासन सहायक, चामे गाउँपालिकाको कार्यालय
४. राजु श्रेष्ठ, ईन्जिनियर, चामे गाउँपालिकाको कार्यालय

**प्रस्तावहरु:**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समिक्षा सम्वन्धमा ।

२. प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत सम्वन्धमा ।

३. चामे गाउँपालिका भित्रको सडकहरुको मापदण्ड सम्वन्धमा ।

४. योजनाहरु संचालनका विधि सम्वन्धमा ।

५. अघिल्लो आ. व. २०८१/०८२ का खर्चहरु अनुमोदन तथा योजना फरफारक सम्वन्धमा ।

६. कृषि विकास शाखा र पशु शाखाको कार्यविधि स्वीकृत सम्वन्धमा ।

७. विविध ।

**निर्णयहरु :**

१. अघिल्लो गाउँ कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ को सम्वन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९, मिति: २०८२/०४/०४ को पत्रमार्फत यस चामे गाउँपालिकामा आउनुभएका प्रमुख प्रशासकीय अधिकृत श्री विना देवी शर्मालाई स्वागत गरी तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत नम नारायण मल्ललाई धन्यवाद दिने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ को सम्वन्धमा यस चामे गाउँपालिका भित्रका नयाँ निर्माण हुने घरहरुको नक्सापास र पुराना घरहरुको अभिलेखिकरण प्रयोजनको लागी सडकको केन्द्रबाट छाडने दुरी तथा सेट व्याक सम्वन्धमा तपशिल बमोजिमका मूल सडक, भित्री सहायक सडक तथा गोरेटो बाटोको केन्द्रबाट छाडनुपर्ने मापदण्ड निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

तपशिल:

क) वडा नं. १ को तिमाङ देखि वडा नं. ५ पारीचामे सम्म मुल सडकको केन्द्रबाट दायाँबायाँ ३ मिटर र सेट व्याक १.५ मिटर ।

ख) वडा नं. १ तिमाङ बजार देखि वडा नं. ५ को चामे बजार सम्मको भित्री सहायक सडकको केन्द्रबाट दायाँबायाँ २ मिटर र सेट व्याक १.५ मिटर ।

ग) वडा नं. १ तिमाङ बजार देखि वडा नं. ५ को चामे बजार सम्मको गोरेटो बाटोको केन्द्रबाट दायाँबायाँ १.५ मिटर र सेट व्याक १.५ मिटर ।

साथै चामे गाउँपालिकामा नक्सा पास प्रक्रियामा नआई पहिले बनेका घरहरुको घरनक्सा अभिलेखिकरण सम्बन्धी कार्यविधी २०८२ निर्माण गर्ने निर्णय गरियो । जसमा पुराना भवन अभिलेखिकरण गर्दा कानुन बमोजिम १.५ मिटर सेट व्याक नपुगेको अवस्थामा मापदण्ड भित्र नपरेको घरको भाग आवश्यक परेको अवस्थामा हटाउन मन्जुरीनामा गराई पहिले बनेका घरको अभिलेख एवं नियमनको लागी जारी गरिएको भन्ने उल्लेख गरि घरधनीबाट सो घरको मापदण्ड पालना सम्वन्धमा स्वघोषण गराई अभिलेखिकरण प्रमाण पत्र जारी गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ को सम्बन्धमा चामे गाउँपालिकाको १७ औ गाउँसभाबाट चालु आ.व. २०८२/०८३ को लागी विनियोजन भएका योजनाहरु तपशिल बमोजिमको विधीबाट कार्यान्वय गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | संचालन विधी | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | गौरीशंकर आधारभूत विधालयमा भान्सा घर तथा बाथरुम निर्माण | उपभोक्ता समिति | १ | |
| २ | तिमाङ खानेपानी टंकी निर्माण | उपभोक्ता समिति | १ | |
| ३ | सिले झोलुङ्गे पूल निर्माण | उपभोक्ता समिति | १ | |
| ४ | सोलार फर्नीचर सहित वडा कार्यालय व्यवस्थापन | खरिद विधी | १ | |
| ५ | कृष्ण चरित्र संस्कृति पुन:स्थापना | | १ | |
| ६ | थान्चोक तिमाङ गुम्बा तारबार | उपभोक्ता समिति | १ | |
| ७ | तिमाङ फोहोरमैला ट्रस निर्माण | उपभोक्ता समिति | १ | |
| ८ | कोल्ड स्टोर संचालन | खरिद विधी | १ | |
| ९ | गौरीगाउँ देखि डाँडा गाउँ जोडने मोटर बाटोमा रेलिङ | कोटेशन | २ | |
| १० | २ नं. वडाका व्यवसायीलाई सामाग्री अनुदान | खरिद विधी | २ | |
| ११ | गैरी गाउँ डाँडा बस्ती संरक्षण | कोटेशन | २ | |
| १२ | वडा नं.२ कार्यालय भवन वायरिङ र शौचालय निर्माण | कोटेशन | २ | |
| १३ | सातकन्या देवी मन्दिर कम्पाउण्ड निर्माण | कोटेशन | २ | |
| १४. | कोतो बजारमा विधुत र नेट लाइन अण्डरग्राउण्ड | उपभोक्ता समिति | ३ | |
| १५. | ३ नं. वडाका व्यवसायीलाई सामाग्री वितरण | खरिद विधी | ३ | |
| १६ | पुरानो जि.प्र.का. बाट विधुत, हुलाक कार्यालय सम्मको बाटो निर्माण | कोटेशन | ४ | |
| १७ | कजिनसारा ताल जाने बाटो भिरमा मोटर बाटो निर्माण | कोटेशन | ४ | |
| १८ | ठाडोलाइन ढल तथा बाटो पुन: व्यवस्थापन क्रमागत | कोटेशन | ४ | |
| १९ | लमजुङ वेशक्याम्प धर्मशालामा खानेपानी व्यवस्थापन | उपभोक्ता समिति | ४ | |
| २० | ४ नं. वडा कार्यालय सोलार खरिद | खरिद विधी | ४ | |
| २१ | वेशक्याम्प बाट स्योडसम्म काजिनसारा पदमार्ग निर्माण | उपभोक्ता समिति | ४ | |

| | | | | |
|---|---|---|---|---|
| २२ | गुरु पद्‌म सम्भव फाउण्डेशन पार्क निर्माण | उपभोक्ता समिति | ४ | |
| २३ | ४ नं. वडाका व्यवसायीलाई सामग्री अनुदान | खरिद विधी | ४ | |
| २४ | वडा नं. ५ भवन मर्मत कम्पाउण्ड पार्टेशन र वायरिङ | कोटेशन | ५ | |
| २५ | पारीचामे खानेपानी ढल निर्माण विधुत सिसिटिभी अण्डर ग्राउण्ड | कोटेशन | ५ | |
| २६ | पारीचामे गुम्वा भुई ढलान र भर्याङ निर्माण | उपभोक्ता समिति | ५ | |
| २७ | मोटरेवल पूलको दांयावायाँ जालीवार निर्माण कार्य | उपभोक्ता समिति | ५ | |
| २८ | तातोपानी कुण्ड माथी जाली ट्रस निर्माण | कोटेशन | ५ | |
| २९ | १ नं वडा व्यावसायीलाई सामाग्री अनुदान | खरिद विधी | १ | |

५. प्रस्ताव नं. ५ को सम्वन्धमा आ.व. २०८१/०८२ मा यस चामे गाउँपालिकाबाट स्वीकृत भई संचालन भएका तपशिल बमोजिमका योजनाहरु सम्पन्न भई भुक्तानी भएकोले खर्च सर्मथन गरी योजना फरफारक गर्ने निर्णय गरियो ।

तपशिल :

| क्र.स | योजना तथा कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | चामे वजार खानेपानी विस्तार र ढलनिकास र जमिनमुनी सिसिटिभी तारलाईन विच्छाउने | ४४३२६९४।६४ | |
| २ | सिटीहल फलसिलिङ र वाल कार्पेटिङ निर्माण | १२५७१८०।४१ | |
| ३ | वडा नं. १ कार्यालय भवन र शित भण्डारमा कम्पाउण्ड र गेट निर्माण | ३७८४९७७।५१ | |
| ४ | वडा नं. १ कार्यालय भुई प्याङिङ निर्माण | ४६८९६४।१३ | |
| ५ | वडा नं. १ कार्यालय भवन सौचालय र वायरिङ | ८८००८४।५१ | |
| ६ | वडा नं. ४ कार्यालय सनहाउस निर्माण | ७५४००३।६९ | |
| ७ | गैरीगाउ देखी डाँडागाउ जाने मोटोरवाटो मेसनरी वाल निर्माण | १७६५८३७।९५ | |
| ८ | थान्चोक कन्यादेवी मन्दिर वरीपरी संरक्षण | ९४३२९६।४६ | |
| ९ | छाराथाङ स्टेज निर्माण | ८३३१८०।२० | |
| १० | तिमाङ आधारभूत स्वास्थ्य केन्द्र कर्मचारी आवास | ९३५२०३।४६ | |
| ११ | वडा नं. ५ शौचालय ढल निर्माण र वायरीङ | १४,००,०१४।३७ | |
| १२ | चामे सडक सुधार वडा नं. ३,४ र ५ | ९४५७७८।२२ | |

| | | | |
|---|---|---|---|
| १३ | चामे उधोगग्राम रोड र अन्य संरचना निर्माणं | १९८११८८४।८ | |
| १४ | पिठो पिस्ने पानी घट्ट निर्माण | ९०७१५७।१५ | |
| १५ | फोहोरमैला व्यवस्थापन केन्द्र वडा नं. १ र २ | ८४६१८७।० | |
| १६ | लोकप्रिय मा.वि. मा अन्य संरचना निर्माण | १८७४४४२।७७ | |
| १७ | चामे स्वास्थ्य चौकी भवन निर्माण थान्चोक | १०४१७७८५।२ | |
| १८ | चामे सिटीहल, बसपार्क संरक्षण | ३४१४०००।० | |
| १९ | वडा नं. २ कार्यालय भवन निर्माण | ४२३२३०२।७ | |
| २० | गुरु पद्म संभव फाउण्डेशन पार्क निर्माण | ७५३२११६।७३ | |
| २१ | लाली गुराँस पार्क निर्माण | ५२८८२६।४१ | |
| २२ | कोतो छोर्तेनको वरीपरी छपनी विछाउने | १०५७९६७।०९ | |

६. प्रस्ताव नं. ६ को सम्बन्धमा यस चामे गाउँपालिकाले चालु आ.व. २०८२/०८३ मा कृषि विकास शाखा र पशु शाखाले तयार गरि संचालन गर्न ल्याएका विभिन्न कार्यक्रमहरुको कार्यविधी स्वीकृत गर्ने निर्णय गरियो ।

७. यस चामे गाउँपालिका कार्यालयमा एक जना सरसफाई गर्ने कार्यालय सहयोगी आवश्यक रहेकोले दैनिक ज्यालादारी रु.८०० पाउने गरि कास लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।